DEMOCRACY RESOURCE CENTER

राजनीतिक परिवेश विश्लेषण

# राजनीतिक दलको आयव्यय र पारदर्शिता

अंक १४ | मङ्सिर २०८१

## सारांश

राजनीतिक दलहरूको उद्देश्य असल नीति नियम बनाई देशमा सुशासन र जवाफदेहिता कायम गर्ने नै हो। तर ती आफै के कति पारदर्शी छन् भन्ने पनि बहसको विषय हो र यही विषयमा यो राजनीतिक परिवेश विश्लेषण केन्द्रित छ। दलका नेता नै शासनमा सहभागी हुनाले दलमा सुशासन र पारदर्शिता अपरिहार्य आवश्यकता भए पनि नेपाली अभ्यास त्यस्तो छैन। तिनको लेखा परीक्षण प्रतिवेदनमा वास्तविक आयव्यय नसमेटेको या स्रोत नखुलाई समेटेको पाइन्छ। खासगरी चुनावमा निर्वाचन आयोगले तोकेको सीमाभन्दा अत्यधिक धेरै खर्च गर्ने अनि त्यस्तो खर्च देखाउन नमिलेपछि अपारदर्शी बन्नुपर्ने दलहरूको बाध्यता बुझिन्छ। तर यस्तो अपारदर्शिताले भ्रष्टाचारलाई प्रश्रय दिन्छ। त्यसैले दलहरूलाई पारदर्शी बनाउन विभिन्न विकल्प अघि सार्ने गरिन्छ। खर्चिलो निर्वाचन प्रणाली भएकाले कम खर्चिलो प्रणाली अपनाउने, दललाई नै मतभारका आधारमा राज्यले पैसा दिने र नियमन गर्ने आदि त्यस्ता केही विकल्प हुन्। त्यसैले उपयुक्त विकल्प अपनाई दलहरूले आफ्नो आयव्यय निर्धक्क सार्वजनिक गर्न सक्ने वातावरणबिना नेपाली लोकतन्त्र सबल हुन सक्दैन। निर्वाचनको खर्च नियन्त्रण गर्नका लागि आयोग, राजनीतिक दल र सरकारका साथै नागरिकको पनि साझा प्रयासको खाँचो छ। त्यसबाहेक, दलहरू आफै जवाफदेही र पूर्ण इमान्दार नभएसम्म तिनको आयव्यय पारदर्शी हुन सक्दैन। तिनलाई नियमन गर्ने निर्वाचन आयोगको पनि भूमिका भने आवश्यक हुन्छ।

## १. परिचय

सामाजिक विकृतिविरुद्ध लड्न र सुशासन कायम गर्नमा राजनीतिक दलको भूमिका महत्त्वपूर्ण हुन्छ। जनताको हितमा काम गर्ने उद्देश्यले दलका नेताहरू निर्वाचनमा भाग लिई जनप्रतिनिधि बन्छन् र शासन सञ्चालन गर्छन्। दलका नेता नै शासनमा सहभागी हुनाले दलमा सुशासन र लोकतन्त्र आवश्यक हुन्छ र त्यसका लागि पारदर्शिता अपरिहार्य शर्त हो। तर नेपाली सन्दर्भमा राजनीतिक दलको आर्थिक पारदर्शितामा प्रश्न उब्जेको पाइन्छ। दलहरूलाई नियमन गर्ने निकाय निर्वाचन आयोगले नै दलले सार्वजनिक गर्ने आयव्यय विवरणमा आशंका व्यक्त गरेको छ। आमजनताको तहमा पनि दलले सार्वजनिक गरेको विवरण पत्याउनुपर्ने बलियो आधार नभएकाले अन्यौल कायम छ।

राजनीति र राज्यका पत्र-पत्रमा गाँजिएर बसेको नीतिगत भ्रष्टाचार र कुशासनको एउटा प्रमुख कारण दलहरूको आयव्यय पारदर्शी नहुनु हो। राजनीतिक दलहरूले सुधार्न नसकेको, अझ नचाहेको ठूलो विकृति पनि यही हो।[1] लेखा परीक्षण प्रतिवेदनमा वास्तविक आयव्यय नसमेटेर राजनीतिक दल नै पारदर्शी नहुने हो भने उनीहरूको नेतृत्वको सरकारले सुशासन कायम गर्ला र भ्रष्टाचार अन्त्य गर्ला भनी पत्याउन गाह्रो हुन्छ। तर दलको आयव्ययबारे सार्वजनिक वृत्तमा अपेक्षाकृत बहस कमै हुने गरेको छ। त्यसैले त्यस्ता बहसको कमीका कारण दलहरू जवाफदेहिताबाट उम्किरहेका छन्।

दल सञ्चालनका लागि आर्थिक स्रोत चाहिन्छ भन्नेमा कसैको विमति नहोला। तर लोकतन्त्रमा सबै सार्वजनिक वृत्त पारदर्शी हुनु पनि उत्तिकै आवश्यक हुन्छ। नेपालका राजनीतिक दलको आर्थिक पारदर्शितामा यस राजनीतिक परिवेश विश्लेषण केन्द्रित छ। यसमा स्थापनाका आधारमा तीन पुराना दल- नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) [नेकपा (एमाले)], नेपाली काँग्रेस र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) [नेकपा (माओवादी केन्द्र)] तथा दुई नयाँ दल- जनमत पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीको आर्थिक वर्ष (आ.व.) २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन नमुनाका रूपमा छनोट गरी अध्ययन गरिएको छ। पूर्व प्रकाशित सामग्री अध्ययन गर्नुका साथै राजनीतिक दलका प्रतिनिधि, प्रमुख निर्वाचन आयुक्त तथा विषयगत विज्ञसँग कुराकानी गरी यो विश्लेषण तयार पारिएको हो।

## २. कानूनी व्यवस्था

२०४६ सालमा बहुदलीय व्यवस्था पुनर्स्थापना भएपछि जारी भएको संविधानअन्तर्गत राजनीतिक दल त्याग ऐन, २०५४, राजनीतिक दल

[1] ढकाल, अमित। २०८१। एमाले सचिवालयलाई प्रश्न – सुधारको नेतृत्व गर्ने कि एक अर्बको सम्पत्ति दान थाप्ने ? *सेतोपाटी*, कात्तिक ४। https://www.setopati.com/opinion/341916 मा उपलब्ध; कात्तिक २०, २०८१ मा हेरिएको।

दर्ता ऐन, २०५८ र राजनीतिक दलसम्बन्धी ऐन, २०५८ को आएपछि विधिवत् रूपमा दलहरूको लेखापरीक्षण हुन थालेको हो। राजनीतिक दल दर्ता ऐन, २०५८ को प्रस्तावनामा नै राजनीतिक दललाई लोकतान्त्रिक र जिम्मेवार संस्थाको रूपमा विकास गर्न दलको कोषलाई पारदर्शी बनाउन आवश्यक रहेको उल्लेख थियो । यस ऐनमा दलहरूलाई आर्थिक वर्ष सकिएको ६ महिनाभित्र महालेखापरीक्षकको कार्यालयबाट मान्यता प्राप्त लेखापरीक्षकद्वारा आयव्ययको लेखा परीक्षण गराई निर्वाचन आयोगमा बुझाउनुपर्ने र सार्वजनिक गर्नुपर्ने व्यवस्था थियो। राजनीतिक दलसम्बन्धी ऐन, २०७३ ले पनि पुरानै प्रावधान दोहोऱ्याएको छ। उक्त ऐनको दफा ४१ मा आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र आयव्ययको लेखा परीक्षण गराई एक महिनाभित्र निर्वाचन आयोगमा प्रतिवेदन पेश गर्नुपर्ने र दलले मिडिया, सामाजिक सञ्जाल वा दलको वेबसाइटमा सार्वजनिक गर्नुपर्ने भनिएको छ। उक्त ऐनको दफा ५४ मा तीन वर्षसम्म लेखा परीक्षण प्रतिवेदन नबुझाएमा ५० हजार रूपैयाँ जरिवाना गर्नसक्ने व्यवस्था छ। यस्तो कसूर एक पटकभन्दा बढी गरेमा वा आयोगले सच्याउन दिएको आदेश एक वर्षभित्र पालना नगरेमा वा जरिवाना नबुझाएमा दलको दर्ता खारेज गर्ने अधिकार निर्वाचन आयोगसँग छ। यही ऐनमा लेखा परीक्षण विवरण ढिलो बुझाएमा, सार्वजनिक नगरेमा, निर्वाचन आयोगले तोकेको ढाँचामा विवरण नदिएमा वा निरीक्षण गर्न नदिएमा पाँच हजारदेखि २० हजार रूपैयाँसम्म जरिवाना हुने उल्लेख छ।

राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ३७ मा सदस्यता शुल्क वा सदस्यता नवीकरण शुल्कवापतको रकम राख्नका लागि दलको एउटा छुट्टै कोष रहने व्यवस्था छ। ऐनको दफा ३८ मा स्वेच्छिक आर्थिक सहयोग, दलले आयोजना गरेको कुनै कार्यक्रमबाट सङ्कलन गरेको रकम, दलको प्रकाशन तथा चल अचल सम्पत्ति बिक्रीबाट प्राप्त रकम, कोषमा रहेको रकमको बैंकबाट प्राप्त ब्याज, नियमित रूपमा प्राप्त सहयोग रकम कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्वेच्छिक आर्थिक सहयोगमा राजनीतिक दलसम्बन्धी ऐन २०५८ को प्रावधानलाई संशोधन गरेर कुनै व्यक्ति, सङ्गठित संस्थाबाट २५ हजार रूपैयाँभन्दा बढी आर्थिक सहयोग प्राप्त गर्दा बैंक चेक वा बैंक ट्रान्सफरमार्फत मात्र गर्नुपर्ने व्यवस्था गरेको छ। पहिला ५० हजार रूपैयाँभन्दा बढीको कारोवारमा मात्रै यस्तो प्रावधान थियो।

राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ३८ को उपदफा ५ मा आर्थिक सहायता प्रदान गर्दा दलबाट कुनै आर्थिक वा व्यक्तिगत फाइदा लिने सर्त गरी प्रदान गर्न र त्यस्तो फाइदा दिने गरी दलले सहयोग प्राप्त गर्न नहुने व्यवस्था छ। दफा ४० मा राजनीतिक दलले आयव्ययको वास्तविक हिसाब किताब देखिने गरी लेखा राख्नुपर्ने उल्लेख छ। साथै, राजनीतिक दलसम्बन्धी नियमावली २०७४ को दफा १४ मा दलले आयोगमा लेखा प्रतिवेदन पेश गर्दा स्थिर पुँजी र चालु पुँजीमा नगद र बैंक ब्यालेन्स, ऋण पेश्की र बैंक जम्मा, आय, व्ययमा निर्वाचन खर्चदेखि सम्पूर्ण विवरण खुलाउनुपर्ने व्यवस्था छ। साथै, कुनै नेपाली नागरिक वा सङ्गठित संस्थाबाट एक लाख रूपैयाँभन्दा बढी आर्थिक सहयोग लिँदा त्यस्तो सहयोग दिने व्यक्ति वा संस्थाको नाम, थर, ठेगाना, पेशा, स्थायी लेखा नम्बर तथा त्यस्तो आर्थिक सहयोग दिइएको रकमको स्रोत र त्यस्तो रकममा कर लाग्ने, नलाग्नेबारे खुलाउन लगाएर मात्र लिनुपर्ने भनिएको छ।

साथै, राजनीतिक दलसम्बन्धी ऐन २०७३ अनुसार दलको सदस्यता तथा नवीकरण शुल्क विधानमा उल्लेख हुनुपर्छ । तर, नेपाली काँग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र) र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले विधानमा सदस्यता तथा नवीकरण शुल्क नलेखेर नियमावलीमा तोकिएबमोजिम हुने उल्लेख गरेका छन् ।[२] जनमत पार्टीले मात्रै साधारण सदस्यता, क्रियाशील सदस्य र नवीकरणको शुल्क विधानमा उल्लेख गरेको छ।

दलहरूको आयव्यय पारदर्शी बनाउन कानूनले यथेष्ट प्रयत्न गरेको देखिन्छ। नियमनका लागि निर्वाचन आयोगलाई पनि कानूनले मार्ग प्रशस्त गरिदिएको छ। तर, आफ्नो आयव्ययलाई कानूनी मात्रै नभएर नैतिक रूपमै पनि पारदर्शी बनाउनुपर्नेमा दलहरूबाट त्यसो हुन सकेको छैन।

## ३. दलको आम्दानी र स्रोत

नेपालका राजनीतिक दलहरूको आयव्यय विवरणमा ठूलै रकम देखिन्छ। ती दलले उल्लेख गरेअनुसार तिनको आर्थिक स्रोत मुख्यतः कार्यकर्ताबाट उठाइने लेबी, सदस्यता शुल्क, चन्दा तथा सहयोग हुन्। त्यसबाहेक, प्रकाशन बिक्री, लगानीको आय, सम्पत्ति बिक्री तथा ब्याजबाट पनि आम्दानी हुन्छ।

नेकपा (एमाले) का सांसद रघुजी पन्तका अनुसार "लेबी उठाउने चलन नेपालमा कम्युनिष्ट दलहरूले शुरू गरेका हुन्। भूमिगत कालमा सदस्यता शुल्कका साथै दललाई लेबीका रूपमा आम्दानीको निश्चित प्रतिशत बुझाउने चलन थियो भने शुभेच्छुक र समर्थकहरूले पनि बेलाबेला दललाई धेरथोर आर्थिक सहयोग गर्थे। २०४८ सालको आम निर्वाचनपछि आफ्नो दलबाट चुनिएका प्रतिनिधि सभा र राष्ट्रिय सभा सदस्यहरूसँग तलबको निश्चित प्रतिशत उठाउन थालेपछि यो चलन संसद्का अरू दलले पनि शुरू गरे।"[३] सदस्यता शुल्क, नवीकरण शुल्क र नियमित लेबीलाई नियमित आय मानेको नेकपा (एमाले) आ.व. २०७९/०८० मा पाँच राजनीतिक दलमध्ये सबैभन्दा बढी आम्दानी गर्ने दल हो। उक्त आर्थिक वर्षमा यस दलले आम्दानीको सबैभन्दा ठूलो हिस्सा विशेष आर्थिक सहयोगबाट प्राप्त गरेको छ (हेर्नुहोस् तालिका १)। यसले चन्दा शब्द नै हटाएर विशेष आर्थिक सहयोग शीर्षक राखेर लेखा परीक्षण प्रतिवेदन बुझाएको छ।[४] तर, विशेष आर्थिक सहयोग के हो र कसले दिएको भनेर स्रोतको विवरण प्रतिवेदनमा खुलाइएको छैन। नेकपा (एमाले) मा करिब पाँच लाख ५० हजार संगठित सदस्यले केन्द्रमा वार्षिक २४० रूपैयाँ सदस्यता शुल्क तिर्नुपर्छ। साथै, संघीय सांसदले १२ हजार, प्रदेश सांसदले पाँच हजार, स्थानीय तहका प्रमुख उपप्रमुखले एक हजार र राजनीतिक नियुक्तिबाट तलबको १० प्रतिशत रकम दिनुपर्ने नेकपा

[२] नेपाली काँग्रेसको विधान, २०१७, परिच्छेद २ (१०,छ); नेकपा (माओवादी केन्द्र) अन्तरिम विधान २०७८ को अध्याय-दुई सदस्यता; नेकपा (एमाले) को विधान-२०४९ को अध्याय-दुई सदस्यता; रास्वपाको विधान २०७९, धारा १७।

[३] पन्त, रघु। २०७८। प्रश्नको कठघरामा दलहरूको बहिखाता। *हिमाल खबरपत्रिका*, मङ्सिर १। https://nepalihimal.com/article/18484 मा उपलब्ध; कात्तिक २१, २०८१ मा हेरिएको।

[४] नेकपा (एमाले)। लेखा परीक्षणको प्रतिवेदन आ.व. २०७९-०८०। https://cpnuml.org/content/aava-ka-lkha-parakashhanae-parata_vathana मा उपलब्ध; कात्तिक २४, २०८१ मा हेरिएको।

### तालिका १ : आ.व. २०७९/०८० दलहरूको आयस्रोत*

| विवरण | नेपाली काँग्रेस | नेकपा एमाले | नेकपा (माओवादी केन्द्र) | रास्वपा | जनमत पार्टी |
|---|---|---|---|---|---|
| कुल आम्दानी | ३,६४,७६,२९७ | ८,९७,२२,०६५ | ३,४३,८५,३०४ | ६,५०,१७,०७८ | ३,२०,००० |
| सदस्यता शुल्क | ५७,६०,८०० (१५.७९%) (लेबी र नवीकरण शुल्क सहित) | १,२१,१६,४१८ (१३.५०%) | ६२,१५० (०.१८%) | ४,६२,३१,९९३ (७१.१०%) | १,९०,००० (५९.३७%) (लेबी र नवीकरण शुल्क सहित) |
| लेबी | | १,३७,२२,८६९ (१५.२९%) | ३,४३,२३,१५४ (९९.८१%) (आवधिक लेबी) | | |
| चन्दा तथा सहयोग | २,६५,६४,५७७ (७२.८२%) | ५,०६,६८,१७८ (५६.४७%) (विशेष आर्थिक सहयोग शीर्षकमा) | - | १,८६,२५,८३५ (२८.६४%) नि:शर्त अनुदान प्राप्त - ७७,८१० (०.११%) | १,२०,००० (३७.५%) |
| प्रकाशन बिक्री | ९४,६५० (०.२५%) | २,३८,७०० (०.२६%) | - | ५८,९९० (०.०९%) | १०,००० (३.१२%) |
| लगानीको आय | ३८,३१,२७० (१०.५०%) | | | | |
| सम्पत्ति बिक्री, लिलाम | २,२५,००० (०.६१%) | ९३,८०,७९३ (१०.४५%) (सम्पत्ति परिचालन) | | | |
| अन्य आम्दानी | | ३५,९५,१०७ (४.००%) | | २२,४५० (०.०३%) | |

*स्रोत : दलहरूको लेखापरीक्षण प्रतिवेदन।*

** दलहरूको आयलाई तालिकामा मिल्दोजुल्दो शीर्षकअन्तर्गत राख्न खोजिएको र केही आय मात्रै यसरी समावेश हुन सकेकाले विभिन्न शीर्षकको जोड कुल आयभन्दा कमै छ।*

(एमाले) को केन्द्रीय लेखा आयोगकी सदस्य शान्तिमाया तामाङ पाख्रिनले बताइन्।[५] नेकपा (एमाले) का केन्द्रीय वित्त तथा कोष व्यवस्थापन विभागका सचिव भीष्म अधिकारीका अनुसार २०७८ मा चितवन जिल्लाको सौराहामा सम्पन्न १० औँ महाधिवेशनबाट 'पाँच वर्षमा पाँच हजार सदस्यद्वारा पाँच हजार' अभियान एमालेले चलाइरहेको छ।[६] यसअन्तर्गत पाँच हजार सदस्यसँग रु. पाँच हजारको दरले चन्दा सङ्कलन गरिन्छ।

नेपाली काँग्रेसले आ.व. २०७९/०८० मा सबैभन्दा बढी आम्दानी चन्दा तथा सहयोगमार्फत गरेको छ (हेर्नुहोस् तालिका १)। तर, चन्दा तथा सहयोग कसले दिएको भनेर स्रोत भने उल्लेख गरेको छैन। नेपाली काँग्रेसका मुख्यसचिव तथा राष्ट्रियसभा सदस्य कृष्ण पौडेलले ठूलो रकमको चन्दा नआएकाले चन्दादाताको विवरण उल्लेख नगरिएको बताए। नेपाली काँग्रेसको मुख्य आयस्रोत हरेक पाँच वर्षमा नौ लाख क्रियाशील सदस्यले तिर्ने दुई सय रूपैयाँ भएको उनले बताए। समितिको तहअनुरूप १५ देखि ४० प्रतिशत शुल्क तत् तत् समितिले राखेर बाँकी केन्द्रीय कार्यालयको बैंक खातामा जम्मा गर्ने र केन्द्रीय पदाधिकारीले मासिक एक हजार, केन्द्रीय सदस्यले पाँच सय, सांसदले १० हजार र मन्त्रीले पनि निश्चित रकम दलमा बुझाउने गरेको पौडेलले बताए। विभिन्न ३४ देशका जनसम्पर्क समिति र तिनमा सक्रिय २५ हजार सदस्यबाट पनि राम्रै आम्दानी हुने, निर्वाचनका बेलामा नेपाली काँग्रेस र लोकतन्त्रलाई माया गर्ने आम जनताले पनि दललाई सहयोग गर्ने उनको भनाइ थियो।[७]

आ.व. २०७९/०८० मा नेकपा (माओवादी केन्द्र) को आम्दानीको ठूलो हिस्सा आवधिक लेबी छ (हेर्नुहोस् तालिका १)। नेकपा (माओवादी केन्द्र) ले अघिल्लो दुई आर्थिक वर्षमा चन्दा तथा सहयोग नलिएको बताएको छ। नेकपा (माओवादी केन्द्र) का कोष तथा आर्थिक व्यवस्थापन शाखाका प्रमुख डोरप्रसाद उपाध्यायले दलको मुख्य आयस्रोत आठ लाख सदस्यबाट उठाइने लेबी भएको र यसबाटै दल चलेको बताए।[८] उनले भने, "पार्टी सदस्यले मासिक न्यूनतम एक सय रूपैयाँ र सल्लाहकारले न्यूनतम ५० रूपैयाँ दिनुपर्छ तर कमाइ हुनेले जति पनि दिन्छन्। संघीय सांसदले मासिक रु. १२ हजारका दरले दिनुपर्छ।" नेकपा (माओवादी केन्द्र) ले राजनीतिक नियुक्तिमा एक दिन बराबरको तलब दिनैपर्ने व्यवस्था गरेको पनि उनले बताए। यद्यपि, राजनीतिक दलसम्बन्धी ऐन, २०७३ ले राजनीतिक नियुक्तिबापत सहयोग लिन नमिल्ने भएकाले पार्टीले लेखा परीक्षण प्रतिवेदनमा राजनीतिक नियुक्तिमा पैसा लिएको विवरण उल्लेख गरेको छैन।[९] नेकपा (एमाले) ले आ.व. २०७८/०७९ मा राजनीतिक नियुक्ति शीर्षकमा रकम लिएको

---

[५] मङ्सिर ४, २०८१ मा मार्टिन चौतारी र डीआरसीएनद्वारा संयुक्त रूपमा आयोजित 'दलहरूको आयव्यय र पारदर्शिता' विषयक अन्तर्क्रिया कार्यक्रममा पाख्रिनद्वारा प्रेषित जानकारी।

[६] अधिकारीसँग कात्तिक २१, २०८१ मा गरिएको कुराकानी।

[७] पौडेलसँग कात्तिक २१, २०८१ मा गरिएको कुराकानी।

[८] उपाध्यायसँग कात्तिक १३, २०८१ मा गरिएको कुराकानी।

[९] नेकपा (माओवादी केन्द्र) को आ.व. २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन। https://cdn.cpnmc.one/media/Audit_Ripotr_of_079-080.pdf मा उपलब्ध; कात्तिक २४, २०८१ मा हेरिएको।

प्रतिवेदन बुझाएपछि निर्वाचन आयोगले स्पष्टीकरण सोधेको थियो ।[१०] यद्यपि, नेकपा (एमाले) ले यस विषयमा के स्पष्टीकरण दियो भन्ने सूचना निर्वाचन आयोगले सार्वजनिक नगरेको गोरखापत्रका पत्रकार ईश्वरचन्द्र झाले बताए ।[११] नेकपा (एमाले) केन्द्रीय लेखा आयोगकी सदस्य शान्तिमाया तामाङ पाख्रिनका अनुसार एमालेले राजनीतिक नियुक्तिबाट तलबको १० प्रतिशत रकम दिनुपर्ने व्यवस्था गरेको छ[१२] तर, नेकपा (एमाले) ले पनि आ.व. २०७९/०८० मा राजनीतिक नियुक्ति शीर्षकमा पैसा लिएको बारेमा उल्लेख गरेको छैन ।[१३]

असार १७, २०७९ मा दर्ता भएको राष्ट्रिय स्वतन्त्र पार्टीले सबैभन्दा बढी आम्दानी सदस्यता लेबी र नवीकरण शुल्कबाट गरेको छ । रास्वपाले संघीय सांसदबाट मासिक १५ हजार उठाउने गरेको छ । यस दलले चन्दा तथा सहयोग गर्नेको विवरण भने खुलाएको छ ।[१४] प्रतिनिधि सभा सदस्य एवम् राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यवाहक प्रवक्ता मनिष झाले रास्वपालाई धेरै आर्थिक सहयोग आप्रवासी नेपालीहरूबाट हुने गरेको बताए ।[१५]

जनमत पार्टीले आ.व. २०७९/०८० मा सदस्यता लेबी र नवीकरण शुल्कबाट सबैभन्दा बढी आम्दानी गरेको छ (हेर्नुहोस् तालिका १) । यसले केन्द्रीय र राष्ट्रिय समितिलाई वार्षिक एक हजार, प्रदेश समितिलाई पाँच सय, जिल्ला समितिलाई चार सय, पालिका समितिलाई तीन सय, वडा समितिलाई दुई सय र क्रियाशील सदस्यता नवीकरणका लागि वार्षिक एक सय रुपैयाँ शुल्क तोकेको छ । जनमत पार्टीका सचिव विपी साहका अनुसार उक्त दलका करिव चार लाख सदस्य छन्, ती सदस्यबाट सदस्यता शुल्क र नवीकरण शुल्क साथै सांसद तथा निर्वाचित जनप्रतिनिधिबाट पनि लेबी उठाइन्छ र ४२ देशमा गैरआवासीय मधेशी संघ रहेकाले त्यहाँबाट पनि आम्दानी हुन्छ ।[१६]

## ४. दलको खर्च

राजनीतिक दलहरूको मुख्य खर्चको रूपमा चुनाव खर्च र महाधिवेशन खर्च भएको देखिन्छ । यसबाहेक कार्यालय सञ्चालन, यातायात, भ्रमण, प्रकाशन, मसलन्द तथा मर्मतसम्भारमा पनि दलहरूको खर्च भएको देखिन्छ ।

अध्ययनमा समेटिएका चार राजनीतिक दलले आ.व. २०७९/०८० मा भएको चुनावमा सबैभन्दा बढी खर्च भएको देखाएका छन् । उक्त निर्वाचनमा नेकपा (एमाले) ले सबैभन्दा बढी ३,९४,४८,८०६ रूपैयाँ खर्च गरेको छ । रास्वपाले निर्वाचनका लागि १५,७७,७८४ रूपैयाँ खर्च भएको उल्लेख गरेको छ । सोही आर्थिक वर्षमा ३,२०,००० रूपैयाँ आम्दानी भएको देखाएको जनमत पार्टीले चुनावमा मात्रै ५७,९२,५८१ रूपैयाँ खर्च भएको देखाएको छ (हेर्नुहोस् तालिका २) । आम्दानी र स्रोत उल्लेख नगरी जनमतले लेखा परीक्षण प्रतिवेदनमा एकमुष्ठ रूपमा निर्वाचन खर्च भनेर उल्लेख गरेको छ । जनमत पार्टीका सचिव विपी साहले निर्वाचनका बेला दलले सार्वजनिक आह्वान गरेर प्रदेश तथा प्रतिनिधि सभामा उठ्न इच्छुक व्यक्तिले निर्वाचन आयोगको सीमाभित्र रही रकम बुझाउन आग्रह गरेको र त्यो बेला उठेको पैसा निर्वाचन कोषमा जम्मा गरी त्यहीबाट खर्च गरिएकाले लेखा परीक्षण प्रतिवेदनमा नराखिएको बताए ।[१७] जनमत पार्टीबाटै समानुपातिकतर्फ सांसद बनेकी महोत्तरीकी गोमा लाभ सापकोटाले सांसद बन्न करिव ३० लाख बुझाएको बताएकी थिइन् ।[१८] जनमत पार्टीका सचिव विपी साहले सांसद बन्न गोप्य रूपमा नभई निर्वाचनका बेला पार्टीले आह्वान गरेपछि सोहीअनुसार सापकोटाले रकम बुझाएको बताए । सापकोटाले अनुशासन उल्लङ्घन गरेको भन्दै जनमत पार्टीले सांसदबाट हटाउन कात्तिक ११, २०८१ मा चौथो पटक संसद् सचिवालयलाई पत्र पठाएको छ ।[१९]

अन्य वर्षमा भन्दा निर्वाचन हुने बेला दलहरूको आय विशेष रूपमा विवादित हुन्छ । व्यवसायीबाट जबर्जस्ती चन्दा असुलेको, चन्दा आतङ्क सिर्जना गरेको र चन्दा तथा सहयोगबाट नीतिगत निर्णय प्रभावित भएका विषय चर्चामा रहन्छन् । तर, कुन दललाई कुन व्यवसायीले कति रकम दिए भन्नेबारे भने प्रमाणिक कुनै विवरण फेला पर्दैनन् । राजनीतिक दलहरूले यस्ता विवरण कहिल्यै पनि सार्वजनिक गर्दैनन् । नियामक निकाय निर्वाचन आयोगले पनि दलहरूलाई कानूनी दायरामा ल्याउन सकेको देखिदैन । तर, राजनीतिक व्यक्तिहरू नै चुनावका बेला ठूला र प्रभावशाली नेतालाई सघाउन पूँजीपतिहरू बिफ्रकेश बोकेर घरमै जाने गरेको बताउँछन् ।[२०]

नेपाली काँग्रेसका मुख्य सचिव कृष्ण पौडेलले निर्वाचनका बेलाबाहेक नियमित रूपमा नेपाली काँग्रेसको सबैभन्दा बढी खर्च पार्टीको केन्द्रीय कार्यालयका २८ कर्मचारीको तलबमा हुने गरेको बताए ।[२१] नेकपा (एमाले) ले ललितपुरको च्यासलस्थित तुल्सीलाल स्मृति प्रतिष्ठानको भवनमा दलको कार्यालय सञ्चालन गरिरहेको छ । उक्त भवन प्रयोग गरेबापत मासिक चार लाख लाग्ने र मर्मतसम्भारको काम पनि भइरहने हुँदा भौतिक पूर्वाधारमा नै

---

[१०] गौतम, दिनेश । २०८० । एमालेले लिनै नमिल्ने राजनीतिक नियुक्तिबाट लियो पैसा, ४८ दलले लुकाए बैंक खाता । *शिलापत्र*, असार २९ । https://shilapatra.com/detail/116669 मा उपलब्ध; कात्तिक २५,२०८१ मा हेरिएको ।

[११] झासँग कात्तिक ७, २०८१ मा गरिएको कुराकानी ।

[१२] मङ्सिर ४, २०८१ मा मार्टिन चौतारी र डीआरसीएनद्वारा संयुक्त रूपमा आयोजित 'दलहरूको आयव्यय र पारदर्शिता' विषयक अन्तर्क्रिया कार्यक्रममा पाख्रिनद्वारा प्रेषित जानकारी ।

[१३] नेकपा (एमाले) । लेखा परीक्षणको प्रतिवेदन आ. व. २०७९-०८० । https://cpnuml.org/content/aava-ka-lkha-parakashhanae-parata_vathana मा उपलब्ध; कात्तिक २४, २०८१ मा हेरिएको ।

[१४] राष्ट्रिय स्वतन्त्र पार्टीको आ.व. २०७९।८० को लेखापरीक्षण प्रतिवेदन । https://rspnepal.org/transparency मा उपलब्ध; कात्तिक २४, २०८१ मा हेरिएको ।

[१५] मङ्सिर ४, २०८१ मा मार्टिन चौतारी र डीआरसीएनद्वारा संयुक्त रूपमा आयोजित 'दलहरूको आयव्यय र पारदर्शिता' विषयक अन्तर्क्रिया कार्यक्रममा झाद्वारा प्रेषित जानकारी ।

[१६] विपी साहसँग कात्तिक २९, २०८१ मा गरिएको कुराकानी ।

[१७] साहसँग कात्तिक २९, २०८१ मा गरिएको कुराकानी ।

[१८] सत्याल, मनोज । २०८१ । सिके राउतको दाबी: सभामुखको नातेदार भएकाले गोमा लाभलाई सांसदबाट हटाउन रोके । *सेतोपाटी*, कात्तिक २६ । https://www.setopati.com/politics/343402 मा उपलब्ध; कात्तिक ३०, २०८१ मा हेरिएको ।

[१९] नयाँ पत्रिका । २०८१ । सांसद सापकोटालाई हटाउन चौथोपटक जनमतको पत्र; सभामुख घिमिरेलाई भेटेर सिके राउतले राखे गुनासो । https://www.nayapatrikadaily.com/news-details/153336/2024-11-13 मा उपलब्ध; कात्तिक ३०, २०८१ मा हेरिएको ।

[२०] पन्त, रघु । २०७८ । प्रश्नको कठघरामा दलहरूको बहिखाता । *हिमाल खबरपत्रिका*, मङ्सिर १। https://nepalihimal.com/article/18484 मा उपलब्ध; कात्तिक २१, २०८१ मा हेरिएको ।

[२१] पौडेलसँग कात्तिक २१, २०८१ गरिएको कुराकानी ।

**तालिका २ : आ.व. २०७९/०८० मा दलहरूको खर्च***

| विवरण | नेपाली काँग्रेस | नेकपा (एमाले) | नेकपा (माओवादी केन्द्र) | रास्वपा | जनमत |
|---|---|---|---|---|---|
| कुल खर्च | ७,९९,९५,१२१ | ११,६०,०७,०५८ | ३,८१,६०,३६९ | ५,०८,७९,६५१ | १,२५,२१,८३७ |
| निर्वाचन खर्च | ३,८८,५७,९९३ (४८.५७ %) | ३,९४,४८,८०६ (३४.००%) | २,६०,६६,९४९ (६८.३० %) | १५,७७,७८४ (३.१० %) | ५७,९२,५८१ (४६.२५%) |
| कर्मचारी खर्च | १,२०,०४,५०० (१५.०० %) | ४७,८४,२०० (४.१२ %) | ५५,२४,२९० (१४.४८ %) | ७५,५१,९०६ (१४.८४ %) | ३,२६,५१० (२.६० %) |
| प्रकाशन खर्च | ८,२९,०४५ (१.०३ %) | ४०,६२,८६१ (३.५०%) | - | - | १९,८५,९१० (१५.८५ %) |
| पुँजीगत खर्च | | - | ११,०८,०१८ (२.९० %) | १,४८,४८,९८६ (२९.१८ %) | ९,२०,४८५ (७.३४ %) |
| प्रशिक्षण खर्च | - | - | १३,५९,९९४ (३.५६ %) | ४२,५५,७६३ (८.३६ %) | ४,४६,११० (३.५६ %) |
| अधिवेशन र सम्मेलन खर्च | - | - | - | ११,३२,८६४ (२.२२ %) | ४,०३,६९० (३.२२ %) |

*स्रोत: दलहरूको लेखा परीक्षण प्रतिवेदन।*

** दलहरूले गरेका खर्चलाई तालिकामा मिल्दोजुल्दो शीर्षकअन्तर्गत राख्न खोजिएको र केही खर्च मात्रै यसरी समावेश हुन सकेकाले कुल खर्च र विभिन्न शीर्षकको जोड मिल्दैन।*

बढी खर्च हुने गरेको नेकपा (एमाले) का लेखा प्रमुख राजेन्द्र श्रेष्ठले बताए।[२२] रास्वपाका कार्यवाहक प्रवक्ता मनिष झाले पार्टीको कार्यालयको भाडामा मासिक चार लाख खर्च हुने गरेको बताए। उनले पार्टीको खर्च कम गराउन कार्यक्रममा खादा र मालाको प्रयोग नगर्ने, शाकाहारी खाना तथा खाजा खाने अभ्यास थालेको बताए।[२३]

## ५. लेखा परीक्षण

राजनीतिक दलले समयमा लेखा परीक्षण गराई सार्वजनिक गर्नुपर्ने र नगरेमा जरिवानादेखि दल खारेजीसम्मको कारबाही गर्ने कानून आएको दुई दशकभन्दा बढी भएको छ। राजनीतिक दलसम्बन्धी ऐन, २०५८ लागू भएको केही समयमा नै तत्कालीन राजा ज्ञानेन्द्रले शासनसत्ता हातमा लिएपछि दलहरूको प्राथमिकता आन्दोलन भयो। अन्य नियामक निकायले पनि दलको आयव्यय र पारदर्शिताबारे चासो दिएनन्। २०६२/०६३ को आन्दोलन सफल भएपछि पनि दलहरूले आफ्नो लेखा परीक्षण विवरण जनताको पहुँचमा पुऱ्याउनेतर्फ ध्यान दिएनन्। पुस २६, २०६८ मा निर्वाचन आयोगले पत्रकार सम्मेलन गरेर चेतावनी दिएपछि मात्रै तत्कालीन संविधान सभाका तीन ठूला दल नेकपा (माओवादी), नेकपा (एमाले) र नेपाली काँग्रेससहित २५ दलले समयसीमामा नै लेखा परीक्षण विवरण बुझाए, ११ दलले अपूर्ण विवरण बुझाए भने ३० दलले बुझाउँदै बुझाएनन्।[२४] त्यतिबेला दलहरूले एकैपटक आ.व. २०६४/०६५ देखि आ.व. २०६७/०६८ सम्मको लेखा परीक्षण प्रतिवेदन बुझाएका थिए।[२५] उक्त समयमा पनि प्रतिवेदनमा २५ हजार रूपैयाँभन्दा बढी सहयोग गर्नेको नाम, ठेगाना र पेसा उल्लेख गर्नुपर्ने कानूनी प्रावधान पालना भएको थिएन भने अन्य आवश्यक विवरणहरू उल्लेख नगरी एकमुष्ठ रकम मात्र उल्लेख गरिएको थियो। विधि पूरा नगरी खर्च विवरण पेश गर्ने दलहरूलाई कारवाही गर्ने अधिकार रहे पनि निर्वाचन आयोगले कुनै टिप्पणी गरेको थिएन।[२६]

त्यसपछिका वर्षहरूमा पनि निर्वाचन आयोगले दलहरूलाई लेखा परीक्षण विवरण समयमा बुझाउन र सार्वजनिक गर्न पनि सचेत गराउनु परेको छ। कतिपय दललाई जरिवाना पनि गरेको छ। केही साना दलहरू खारेजीमा पनि परेका छन्। आ.व. २०७८/०७९ मा कानुनबमोजिम आयोगमा लेखा परीक्षण प्रतिवेदन बुझाइसकेका ८२ राजनीतिक दललाई एक साताभित्र प्रतिवेदन सार्वजनिक गर्न र त्यसको जानकारी आयोगलाई गराउन निर्देशन दिएको थियो।[२७] यस्तै, निर्वाचन आयोगले आ.व. २०७९/८० सम्म तीन वर्षसम्मको आयव्ययको लेखा परीक्षण नगराउने र प्रतिवेदन नबुझाउने ४४ दल खारेज गरेको छ। दलहरूको आयव्यय पारदर्शी नभएकोबारे गुनासो र विरोध भएपछि निर्वाचन आयोगले २०७८ मा कानूनमा भएको व्यवस्थाअनुसार दलको वित्तीय विवरणको ढाँचा तयार गरेको छ। दलहरूको लेखा परीक्षण प्रतिवेदनमा एकरूपता ल्याउन र पद्धति बसाल्नका लागि त्यसो गरिए पनि राजनीतिक दलले त्यसलाई पूर्ण पालना भने गरेका छैनन्। उदाहरणका लागि

[२२] श्रेष्ठसँग कात्तिक २१, २०८१ मा गरिएको कुराकानी।

[२३] मङ्सिर ४, २०८१ मा मार्टिन चौतारी र डीआरसीएनद्वारा संयुक्त रूपमा आयोजित 'दलहरूको आयव्यय र पारदर्शिता' विषयक अन्तर्क्रिया कार्यक्रममा झाद्वारा प्रेषित जानकारी।

[२४] मार्टिन चौतारी। २०६८। *राजनीतिक वित्त र नागरिक अधिकार*। काठमाडौं: मार्टिन चौतारी। https://martinchautari.org.np/storage/files/policy-paper6-nep.pdf मा उपलब्ध; कात्तिक २० मा हेरिएको।

[२५] बीबीसी नेपाली। २०६८। 'प्रमुख दलहरूको आम्दानीको स्रोत अस्पष्ट'। माघ २५। https://www.bbc.com/nepali/news/2012/02/120208_parties_funds मा उपलब्ध; कात्तिक २५, २०८१ मा हेरिएको।

[२६] बीबीसी नेपाली। २०६८। 'प्रमुख दलहरूको आम्दानीको स्रोत अस्पष्ट'। माघ २५। https://www.bbc.com/nepali/news/2012/02/120208_parties_funds मा उपलब्ध; कात्तिक २५, २०८१ मा हेरिएको।

[२७] निर्वाचन आयोग, नेपाल। २०८०। लेखापरीक्षण विवरण सार्वजनिक गर्ने सूचना। https://election.gov.np/admin/public/storage/Political%20Party/लेखापरीक्षण%20विवरण%20सार्वजनिक%20गर्ने%20सूचना.pdf मा उपलब्ध; कात्तिक २२, २०८१ मा हेरिएको।

राजनीतिक दलसम्बन्धी ऐन २०७३ मा कुनै व्यक्ति, सङ्गठित संस्थाबाट २५ हजार रूपैयाँभन्दा बढी आर्थिक सहयोग प्राप्त गर्दा बैंकिङ चेक वा बैंकिङ ट्रान्सफरमार्फत मात्र गर्नुपर्ने व्यवस्था छ भने आयोगको ढाँचामा चन्दा दिनेको नाम र वस्तुगत भए त्यसको विवरण खुलाउन भनिए पनि आ.व. २०७८/०७९ र २०७९/०८० को आयव्यय विवरणमा अधिकांश दलले विवरण नखुलाई एकमुष्ठ राखेका छन्।

## ६. पारदर्शिता

असोज २५, २०८१ मा राजस्व चुहावट, करछली र सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गरेको अभियोग खेपिरहेका व्यापारी मीनबहादुर गुरुङले १० रोपनी १४ आना जग्गा नेकपा (एमाले) को संघीय कार्यालय बनाउनका लागि दान दिए। त्यति मात्र नभई उक्त जग्गामा भवन शिलान्यास गर्दै एक वर्षभित्र कार्यालय बनाएर नेकपा (एमाले) लाई हस्तान्तरण गर्ने गुरुङले बताए।[२८] राजनीतिक दलहरूको आयव्ययमा पारदर्शिताको प्रश्न उठिरहेका बेला नेकपा (एमाले) ले गुरुङसँग जग्गा लिने र कार्यालय बनाउने दुवै प्रक्रियामा आन्तरिक पारदर्शिता नभएको भनेर दलभित्रै आलोचना भयो।[२९] यस प्रकरणले दलहरूको आर्थिक पारदर्शिताको बहसलाई पुनः सतहमा ल्याएको छ।

राजनीतिक दललाई चन्दामार्फत प्राप्त रकमको विवरण लुकाउने आरोप लाग्ने गरेको छ। कानुनअनुसार रु. २५ हजारभन्दा धेरै आर्थिक सहयोग दिनेको विवरण खुलाउनुपर्ने भनिए पनि २०७९/०८० मा चन्दा तथा सहयोगबाट करोडौँ आम्दानी गरेका नेपाली काँग्रेस, नेकपा (एमाले) लगायत दलले स्रोतको विवरण खुलाएका छैनन्।

ठूला दलले समेत वास्तविक सम्पत्ति लुकाएर लेखा परीक्षण गराउने गरेको नेताहरू नै एक अर्कालाई आरोप लगाउँछन्। नेकपा (एमाले)का सांसद योगेशकुमार भट्टराईले भदौ १९, २०८० मा बसेको सार्वजनिक लेखा समितिको बैठकमा बोल्दै राष्ट्रिय मान्यता प्राप्त दलहरूको आम्दानी र खर्चको स्रोत हेर्नुपर्ने बताएका थिए।[३०] मुख्य रूपमा निर्वाचनका बेला दलहरू पूर्ण पारदर्शी हुन नसकेको दलका नेताहरूले पनि आफै स्वीकार्छन्। यथार्थमा खर्च धेरै भए पनि निर्वाचन आयोगले तोकेको सीमा भित्रको मात्र खर्च बुझाएको शीर्ष नेताहरूले सार्वजनिक रूपमा नै स्वीकारेका छन्।[३१]

दलहरूले बुझाएको २०७८/०७९ को लेखा परीक्षण प्रतिवेदनमाथि शंका गरेर आयोगले विशेषज्ञ कर्मचारीको टोली खटाइदिन महालेखापरीक्षकको कार्यालयलाई पत्राचार गऱ्यो।[३२] आ.व. २०७९/०८० मा इतिहासमै पहिलोपटक राजनीतिक दलको लेखा परीक्षण महालेखापरीक्षकको कार्यालयले जाँच गऱ्यो। उक्त कार्यालयका निर्देशकसहित पाँच जनाको टोलीले जाँच गरेको थियो। उक्त समयमा समेत नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र) लगायतका दलले निर्वाचन आयोगलाई लेखापरीक्षण प्रतिवेदन सहितको कागजातलाई पुष्टि गर्ने आवश्यक प्रमाण बुझाउन ढिलाइ गरेका थिए।[३३] महालेखापरीक्षकको कार्यालयले केही दलले लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षकको रायबिना बुझाएको, कतिपयले रायसहित प्रतिवेदन बुझाए पनि वित्तीय विवरण प्रमाणीकरण नगरेको टिप्पणी औंल्याएको थियो।[३४]

दलहरूको आयव्यय प्रतिवेदनमा बाहिर देखिन र सुनिएका कुराअनुसार शंका गर्ने ठाउँ धेरै भए पनि दलहरूले कानूनी प्रक्रिया पुऱ्याएर प्रतिवेदन बुझाउने गरेकाले त्यसलाई नै सत्य मान्नुपरेको निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त दिनेश थपलिया बताउँछन्।[३५] उनी भन्छन्, "दलहरू लुकाउँदै जाने र आयोगले खोज्दै जाने भन्ने हुँदैन। यसकारण दललाई राज्यले बजेट दिने व्यवस्था गरेर महालेखापरीक्षकले लेखा परीक्षण गर्नुपर्ने आयोगको पहल हो। यसो भएपछि प्रतिवेदन राष्ट्रपतिकहाँ बुझाउनुपर्ने हुन्छ र संसदमा बहस भएपछि दलहरू जवाफदेही हुन बाध्य हुन्छन्। लोकतन्त्रमा दलहरू वित्तीय रूपमा अपारदर्शी हुँदा राजनीति नै अपराधीकरणतर्फ जाने भएकाले दलहरू नै इमान्दार हुन जरुरी छ।"

वित्तीय पारदर्शिता नहुँदा दलहरूमा दाता तथा स्वार्थ समूहको प्रभाव हुने सम्भावना पनि उत्तिकै हुन्छ। व्यापारीहरूबाट पैसा लिएर जनताप्रति नभई व्यापारिक घरानाप्रति उत्तरदायी हुने गरेको आरोप पनि राजनीतिक दलहरूलाई लाग्ने गरेको छ। नेकपा (एमाले) ले व्यापारी मीनबहादुर गुरुङबाट जग्गा दान लिनुलाई राजनीतिमा पैसाको प्रभाव बढेको भनेर पूर्वसचिव गोपीनाथ मैनालीले टिप्पणी गरेका थिए।[३६] राजनीतिक दलका

---

[२८] ज्ञवाली, कृष्ण। २०८१। एमाले मुख्यालय शिलान्यासले हल्लिएको सुशासनको जग। *अनलाइनखबर*, असोज २७। https://www.onlinekhabar.com/2024/10/1554006/the-foundation-of-good-governance-shaken-by-the-foundation-stone-of-uml-headquarters मा उपलब्ध; कात्तिक २२, २०८१ मा हेरिएको।

[२९] कान्तिपुर। २०८१। व्यापारीलाई पार्टी भवन बनाउन दिएर २८ लाख मतदाताको अपमान भयोः विन्दा पाण्डे। असोज २८। https://ekantipur.com/news/2024/10/14/28-million-voters-were-insulted-by-allowing-the-businessman-to-build-the-party-building-vinda-pandey-08-59.html मा उपलब्ध; कात्तिक २३, २०८१ मा हेरिएको।

[३०] इकागज। २०८०। राष्ट्रिय मान्यता प्राप्त दलको पनि आर्थिक पारदर्शिता हेर्नुपर्छ। https://www.ekagaj.com/article/politics/151246/ मा उपलब्ध; कात्तिक २५, २०८१ मा हेरिएको।

[३१] पुरी, अच्युत। २०७९। चुनावमा वैधानिक खर्च ४५ अर्ब अदृश्य खर्च कति ? https://www.onlinekhabar.com/2022/05/1124025/चुनावमा-वैधानिक-खर्च-४५-अ मा उपलब्ध; कात्तिक २५, २०८१ मा हेरिएको।

[३२] झा, ईश्वरचन्द्र। २०८०। विशेषज्ञ खटाइदिन महालेखालाई पत्राचार। *गोरखापत्र*, जेठ ९। https://gorkhapatraonline.com/news/65114 मा उपलब्ध; कात्तिक २५, २०८१ मा हेरिएको।

[३३] झा, ईश्वरचन्द्र। २०८०। लेखापरीक्षण पुष्टि गर्ने प्रमाण बुझाउन दलहरू उदासिन। *गोरखापत्र*, असार १२। https://gorkhapatraonline.com/news/69090 मा उपलब्ध; कात्तिक २५, २०८१ मा हेरिएको।

[३४] गौतम, दिनेश। २०८०। एमालेले लिनै नमिल्ने राजनीतिक नियुक्तिबाट लियो पैसा, ४८ दलले लुकाए बैंक खाता। *शिलापत्र*, असार २९। https://shilapatra.com/detail/116669 मा उपलब्ध; कात्तिक २५,२०८१ मा हेरिएको।

[३५] थपलियासँग कात्तिक २९, २०८१ मा गरिएको कुराकानी।

[३६] ज्ञवाली, कृष्ण। एमाले मुख्यालय शिलान्यासले हल्लिएको सुशासनको जग। *अनलाइनखबर*, असोज २९। https://www.onlinekhabar.com/2024/10/1554006/the-foundation-of-good-governance-shaken-

नेता र व्यवसायीबीच हिमचिमका कारण ती व्यवसायीको हित हुने गरी नीतिनियम बनाइएका उदाहरणहरू धेरै छन् ।[३७]

विभिन्न अध्ययनले पनि दलहरूको वित्त व्यवस्थापन पारदर्शी नभएको देखाएको छ । दलहरूले व्यवसायी, कार्यकर्ता, चन्दा, जबरजस्ती असुली, दलमा आधारित गैरसरकारी संस्था, दाता, सार्वजनिक सम्पत्तिको निजीकरण र पदाधिकारीको बढुवामार्फत शुल्क आदिबाट आर्थिक सहयोग लिएर दलको लेखापरीक्षण प्रतिवेदनमा भने दलको आयस्रोत सदस्यता शुल्क मात्र देखाउने गरेका छन् ।[३८] देशको नेतृत्व गर्ने दलहरूकै आर्थिक पारदर्शितामाथि अनेकौँ प्रश्न उठ्दा दलहरूले भने चासो दिएको पाइँदैन ।

व्यवसायी गुरुङबाट पाएको जग्गादानपछि बिनाछलफल किन यस्तो गरियो भनी प्रश्न सोध्ने दलकै नेतालाई कारवाही स्वरूप स्पष्टीकरणसमेत सोधिएको थियो ।[३९] दलहरूले आफ्नो आयव्यय तथा चन्दा लिएको यथार्थ विवरण नियमनकारी निकायमा पठाउन चाहँदैनन् र सार्वजनिक पनि गर्दैनन् । दलले अवैध तवरबाट चन्दा प्राप्त गरेकाले पनि सार्वजनिक गर्न नसकेका हुन् । यसकारण दलको वित्तीय विवरण अपारदर्शी र अपूरो छ ।[४०]

यता, राजनीतिक दलका पदाधिकारी भने दलको आयव्यय पारदर्शी भएको दाबी गर्छन् । नेपाली काँग्रेस कार्यालयका मुख्य सचिव कृष्ण पौडेलले पाँच हजारभन्दा माथिका सबै कारोबार बैंकबाट नै हुने भएकाले आयव्यय पारदर्शी नै हुने तर्क गरे ।[४१] उनका अनुसार पाँच हजारभन्दा बढी रकमको खरिदमा सार्वजनिक दरभाउ आह्वान गरी त्यसलाई ६ सचिव, १ मुख्य सचिव र लेखाका कर्मचारी सहितको समितिको मूल्याङ्कनपछि छनौट गरिन्छ । उनले भने, “निर्वाचनका बेला झण्डा, पर्चा छपाइ जस्ता कुरामा अनियमितता नहोस् भनेर विशेष ध्यान दिन्छौं ।”

यसैगरी, नेकपा (एमाले) का केन्द्रीय वित्त तथा कोष व्यवस्थापन विभागका सचिव भीष्म अधिकारी पनि अनलाइन सफ्टवेयरबाट हरेक दिन खर्च र आम्दानीको रेकर्ड राख्ने गरेको बताउँछन् ।[४२] उनी भन्छन्, “२५ सदस्य रहेको लेखा आयोग छ । उक्त आयोगले केन्द्रदेखि प्रदेश, जिल्ला, पालिकासम्म पुगेर बैठकदेखि पार्टीको अधिवेशन, कार्यक्रममा भएका आम्दानी र खर्चदेखि आर्थिक व्यवस्थापनको दिशा निर्देश गर्छ ।”

नेकपा (माओवादी केन्द्र) का कोष तथा आर्थिक व्यवस्थापन शाखाका प्रमुख डोरप्रसाद उपाध्यायका अनुसार आर्थिक पारदर्शिताको लागि प्यान बिल अनिवार्य गरिएको छ ।[४३] उपाध्यायले कर्मचारीको तलबदेखि अन्य सबै कारोबार बैंकबाट गर्ने गरिएको, एक लाख माथिको कारोबार गर्दा बैठकको निर्णयअनुसार कोटेसन माग्ने गरिएको बताए । २५ जनाको केन्द्रीय लेखा आयोगले कार्यविभाजन गरेर सातै प्रदेशको पार्टी कार्यालयको लेखा परीक्षण गर्ने गरेको उनको भनाइ छ ।

## ७. दल, सरकार र निर्वाचन आयोगको भूमिका

सुशासन तथा भ्रष्टाचारमुक्त शासन प्रणालीसँग राजनीतिक दलहरूको पारदर्शिता जोडिएको विषय हो । जनताप्रति दलको उत्तरदायित्त्व र जवाफदेहिता पनि यसमा जोडिन्छ । राजनीतिक दलको आर्थिक विवरण अपारदर्शी हुँदा दलभित्र भ्रष्टाचार मौलाउँछ र त्यसले अन्ततोगत्वा नेतृत्त्वप्रति नै अविश्वास बढाउँछ ।[४४] त्यसैले पनि दलहरू आर्थिक रूपमा पारदर्शी हुनु अति आवश्यक छ । दलहरू पूर्ण रूपले पारदर्शी हुन नसक्नुमा निर्वाचन खर्च मुख्य कारक देखिएकाले यस समस्या सुल्झाउन राजनीतिक दल, सरकार र निर्वाचन आयोगको त्रिपक्षीय भूमिका आवश्यक देखिन्छ ।

दलहरूको लेखा परीक्षण फितलो हुनुमा निर्वाचन आयोगको कमजोरी पनि केही हदसम्म जिम्मेवार छ । ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालको पुर्व अध्यक्ष पद्मिनी प्रधानाङ्गका अनुसार निर्वाचन आयोगमा पनि दलीय भागबण्डा हुने भएकाले आयोग ठूला दलहरू माथि कडा रूपले प्रस्तुत हुन सकेको छैन ।[४५] दलहरूको वार्षिक आयव्यय विवरणसम्बन्धी प्रावधान अझै कडा बनाउनुपर्नेबारे छलफल हुनुपर्ने धारणा राख्छिन् निर्वाचन आयोग उच्चस्तरीय कानून तर्जुमा समितिकी अध्यक्ष एवम् पूर्वआयुक्त इला शर्मा ।[४६]

दलहरूलाई पारदर्शी बनाउन विभिन्न विकल्प अघि सार्ने गरिन्छ । उम्मेदवारकेन्द्रित निर्वाचन प्रणाली खर्चिलो भएकाले दलहरू अपारदर्शी बनेको मान्दै केहीले निर्वाचन प्रणाली नै परिवर्तन गर्ने तर्क अघि सार्छन् । नेकपा (माओवादी केन्द्र) ले यस्तो प्रस्ताव बहसमा ल्याएको छ । पूर्ण समानुपातिक निर्वाचन प्रणालीले उम्मेदवारमा खर्च गर्नुपर्ने दबाब घट्ने उक्त दलका कोष तथा आर्थिक व्यवस्थापन शाखा प्रमुख डोरप्रसाद उपाध्यायले बताए ।[४७] सरकारले दलहरूलाई सञ्चालन खर्च दिने पनि बहसमा आएको वैकल्पिक उपाय हो । निर्वाचनमा समान प्रतिस्पर्धा बनाउन, चन्ददाता

---

by-the-foundation-stone-of-uml-headquarters मा उपलब्ध कात्तिक २५, २०८१ मा हेरिएको ।

[३७] रमेशकुमार । २०७८ । पैसाको दलदलमा दल । *हिमालखबर*, मङ्सिर १५ । https://www.himalkhabar.com/news/126883 मा उपलब्ध कात्तिक २५, २०८१ मा हेरिएको ।

[३८] नीति अनुसन्धान प्रतिष्ठान । २०८१ । लोकतन्त्रको संस्थागत विकासका लागि राजनीतिक दलहरूको भूमिका । *अनुसन्धान सङ्क्षेप* १४; जेठ २५ । https://kms.pri.gov.np/dams/pages/view.php?ref=23202&k=733fcf03f6# मा उपलब्ध; कात्तिक २५, २०८१ मा हेरिएको ।

[३९] अनलाइनखबर । २०८१ । पाण्डे र तिम्सेनाको स्पष्टीकरण: एमालेको साख बढाउने कुरा गर्दा कारबाही आवश्यक छैन । https://www.onlinekhabar.com/2024/10/1559837/explanation-of-pandey-and-timsena-there-is-no-need-to-take-action-when-talking-about-increasing-the-weight-of-uml मा उपलब्ध; कात्तिक २०, २०८१ मा हेरिएको ।

[४०] भट्टराई, यज्ञप्रसाद । २०८० । आयव्ययमा पारदर्शी दलहरू स्वार्थ समूह र चन्दादाताको प्रभावमा । *शिलापत्र*, https://shilapatra.com/detail/129152 मा उपलब्ध; कात्तिक २०, २०८१ मा हेरिएको ।

[४१] पौडेलसँग कात्तिक २२, २०८१ मा गरिएको कुराकानी ।

[४२] अधिकारीसँग कात्तिक २१, २०८१ मा गरिएको कुराकानी ।

[४३] उपाध्यायसँग कात्तिक १३, २०८१ मा गरिएको कुराकानी ।

[४४] घिमिरे, दीपेश । २०७२ । दलका अपारदर्शी कोष र भ्रष्टाचार । *नागरिक*, असोज १ । https://nagariknews.nagariknetwork.com/opinion/83876-1442537797.html मा उपलब्ध कात्तिक २५, २०८१ मा हेरिएको ।

[४५] प्रधानाङ्गसँग कात्तिक २८, २०८१ मा गरिएको कुराकानी ।

[४६] शर्मा, इला । २०८० । दलहरूको आर्थिक पारदर्शिताको प्रश्न । *कान्तिपुर*, फागुन ४ । https://ekantipur.com/opinion/2024/02/16/the-question-of-financial-transparency-of-parties-16-54.html मा उपलब्ध; कात्तिक १९, २०८१ मा हेरिएको ।

[४७] उपाध्यायसँग कात्तिक १३, २०८१ मा गरिएको कुराकानी ।

माथिको निर्भरता घटाउन, र भ्रष्टाचार हटाउन यो प्रणाली उपयुक्त हुने यस प्रणालीका पक्षधरहरू दावी गर्छन् ।[४८] सरकारबाट प्रत्यक्ष खर्च लिएपछि लेखा परीक्षण गर्ने जिम्मेवारी महालेखापरीक्षकको हुने र त्यसले दलहरूको आर्थिक कारोबार पारदर्शी हुने तर्क पनि सुनिन्छ । पत्रकार अमित ढकाल संसारका एक सय १० मुलुकले यस्तो अभ्यास गरेकाले नेपालले पनि गर्नुपर्ने मत राख्छन् । दलहरूलाई पारदर्शी बनाउन विद्यमान राजनीतिक दलसम्बन्धी ऐन, २०७३ फितलो भएकाले ऐनको संशोधन पनि गर्नुपर्ने उनको राय छ ।[४९]

## ८. निष्कर्ष

नेपाली राजनीतिक दलभित्र आर्थिक पारदर्शिता नभएकाले ती आलोचित छन् । राजनीतिक दलहरूले हरेक वर्ष आयव्ययको लेखापरीक्षण गरी निर्वाचन आयोगमा प्रतिवेदन बुझाउनुपर्ने र सार्वजनिक गर्नुपर्ने कानूनी प्रावधान तिनलाई पारदर्शी र उत्तरदायी बनाउने प्रयासस्वरूप आएको हो । तर, उक्त काम कानूनी बाध्यताका कारण प्रक्रिया पुऱ्याउने औपचारिकतामा मात्रै सीमित भएको छ । दलहरूले तयार पार्ने आधिकारिक दस्तावेजमा समेत सही विवरण नहुनुले तीप्रति अविश्वास बढाएको छ । हुन त राजनीतिक दलहरूको आय व्ययबारे सार्वजनिक चासो अपेक्षाकृत कम नै छ । त्यसले पनि दलहरूले आयव्यय पारदर्शिताबारे चर्को टिप्पणी र दबाब झेल्नुपरेको छैन ।

नीति बनाउने व्यवस्थापिकामा र सत्ता सञ्चालन गर्ने कार्यपालिका दुवैमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने राजनीतिक दलको आफ्नै वित्तीय अनुशासन कमजोर हुँदा त्यसले नकारात्मक सन्देश त दिन्छ नै, तिनले व्यवस्थापिका र कार्यपालिकामा सम्पादन गर्ने भूमिकाप्रति पनि यसले प्रश्न उब्जाउँछ । वित्तीय अनुशासन अभाव हुँदा दलमा व्यापारी, चन्दादाता र स्वार्थसमूहको प्रभाव बढ्ने जोखिम हुन्छ जसले अन्ततोगत्वा भ्रष्टाचारलाई प्रश्रय दिन्छ ।

देशमा सुशासन, जवाफदेहिता र पारदर्शिता कायम राख्नका लागि पनि दलहरूको आयव्यय पारदर्शी हुन जरूरी छ । दलहरू जवाफदेही र पूर्ण इमान्दार नभएसम्म तिनको आयव्यय पारदर्शी हुन सक्दैन । निर्वाचनमा हुने आयोगले तोकेको सीमाभन्दा अत्यधिक धेरै खर्च गर्ने भएकाले पनि दलले आफ्नो आम्दानी र खर्च देखाउन संकोच मानेका हुन् । निर्वाचनको खर्च नियन्त्रण गर्नका लागि आयोग, राजनीतिक दल र सरकारका साथै नागरिकको पनि साझा प्रयास आवश्यक छ । दलको खर्च कम गराउने विभिन्न विकल्पहरू बहसमा आएका छन् । त्यसैले उपयुक्त विकल्प अपनाई दलहरूले आफ्नो आयव्यय निर्धक्क सार्वजनिक गर्न सक्ने वातावरणबिना नेपाली लोकतन्त्र सबल हुन सक्दैन ।

◆◆◆

---

[४८] पोखरेल, भोजराज । २०८१ । राज्यले नै दलहरूलाई चुनाव लड्न पैसा दिने भनेको के हो । *अनलाइनखबर*, जेठ ४ । https://www.onlinekhabar.com/2024/05/1480978/what-does-it-mean-that-the-state-gives-money-to-the-parties-to-fight-the-elections मा उपलब्ध; कात्तिक २५, २०८१ मा हेरिएको ।

[४९] ढकाल, अमित । २०८१ । एमाले सचिवालयलाई प्रश्न- सुधारको नेतृत्व गर्ने कि एक अर्बको सम्पत्ति दान थाप्ने ? *सेतोपाटी*, कात्तिक ४ । https://www.setopati.com/opinion/341916 मा उपलब्ध; कात्तिक २५, २०८१ मा हेरिएको ।

सन् २०१४ मा स्थापित डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) सामाजिक र राजनीतिक विषयमा अध्ययन-अनुसन्धान गर्ने राष्ट्रिय गैर-सरकारी संस्था हो । स्थापनाकालदेखि यस संस्थाले नेपालको संक्रमणकालीन राजनीतिमा संघीयता कार्यान्वयनको प्रक्रिया, स्थानीय तह पुनःसंरचना, निर्वाचन पर्यवेक्षण, जस्ता विषयमा स्थलगत र तथ्यमा आधारित अध्ययन-अनुसन्धान गरेको छ । डीआरसीएनले अध्ययन-अनुसन्धानका निष्कर्ष सरोकारवालाहरूसँग प्रस्तुत गर्ने, छलफल र बहस पनि चलाउने गरेको छ । यस्ता अनुसन्धान कार्य र बहसमार्फत नेपालको संघीय संरचना अन्तर्गत प्रभावकारी शासन पद्धतिको प्रवर्द्धन गर्नु डीआरसीएनको लक्ष्य हो ।

DEMOCRACY RESOURCE CENTER

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल
बखुण्डोल, ललितपुर, नेपाल | फोन : +९७७-१-५९०२२८६
info@democracyresource.org | https://www.democracyresource.org/